# सहकारी ऐन २०७४: अभियानको नयाँ चरणमा

रमेश वडाल, अधिवक्ता

## संवैधानिक विकासक्रम र सहकारी ऐन २०७४

संविधानको विकासक्रम र परिवर्तनसंगै राजनैतिक व्यवस्थामात्र नभई आर्थिक तथा सामाजिक क्षेत्र सम्वद्ध कानून समेत परिवर्तन हुने गर्दछ । जुन विषयवस्तुमा संविधानले परिवर्तन चाहेको छ सो विषयहरूमा कानूनमा समय सापेक्ष परिवर्तन हुनु अपरिहार्य हुन्छ । नेपाल अधिराज्यको संविधान २०४७ जारी भए पश्चात नै संसदले सहकारी ऐन २०४८ पारित गरेको थियो र परिवर्तित सन्दर्भमा सहकारी ऐन नयाँ निर्माण भएको थियो । यसरी नै संविधान सभाले गत २०७२ सालमा नेपालको संविधान जारी गरी सहकारीलाई अर्थतन्त्रको एउटा आधारस्तम्भको रूपमा आत्मसात गरेको छ । नेपालको संविधानको धारा ५० को उपधारा ३ ले "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागीता तथा विकासमार्फत उपलव्ध साधन र श्रोतको अधिकतम परिचालनद्धारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलव्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दे शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील वनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उधेश्य हुनेछ ।" भन्ने उल्लेख गरेको छ । यसै गरी राज्यको नीतिमार्फत सार्वजनीक, निजी र सहकारीको क्षेत्रको सहभागीता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने उल्लेख गरेको सन्दर्भमा सहकारीलाई आर्थिक विकासको कर्ता (प्लेयर) को भुमिका समेत संविधानले नै प्रदान गरेको छ ।

संविधान विकासको क्रममा सहकारीलाई अर्थतन्त्रको एक महत्वपुर्ण कर्ताको रूपमा संविधानले स्वीकार गरेको परिप्रेच्छमा सहकारी ऐनमा समसामयीक परिवर्तन हुनु आवश्यक थियो र सोही वमोजिम नयाँ ऐन समेत निर्माण भएको छ । संविधानले परिलच्छित गरेको तीनखम्वे अर्थनीतिलाई नयाँ सहकारी ऐनले कुन हदसम्म कार्यान्वयनमा ल्याउन सक्यो वा सकेन भन्ने कुरा नै यो कानूनको समिक्षाको महत्वपुर्ण पक्ष हुनु पर्दछ ।

## सहकारी क्षेत्रमा संघीयताको अभ्यास

सहकारीको विषय संघीय सरकार, प्रदेश सरकार र स्थानिय तहको मात्र नभई संघ र प्रदेशको साझा सूचीमा र प्रदेश, संघ र स्थानिय तहको समेत साझा सूचीमा रहेको छ । सहकारी सम्वन्धि अधिकार संविधानले कुनै पनि तहको एकल सुचीमा समावेश गरेको नभई साझा सूचीमा समेत समावेश गरेको हुँदा संविधानको धारा ५७(६) वमोजिम यस्तोमा प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्ने र बाझिएमा बाझिएको हदसम्म आमान्य हुनेछ । त्यसैले प्रदेशहरू तथा स्थानिय तहले सहकारी कानून वनाउँदा संघीय सहकारी ऐन २०७४ संग नवाझिने गरी र सो ऐनले उल्लेख नगरेको विषयमा मात्र सीमित रहनु पर्दछ ।

संविधानको अनुसुचि-६ र ८ मा प्रदेश र स्थानिय तहको अधिकार उल्लेख गर्दा सहकारी संस्था भनी उल्लेख भएको हुदा प्रदेश र स्थानिय तहले सहकारी संघ र महासंघको दर्ता, नियमन लगाएतको कुनै पनि विषयहरूमा कानून वनाउने र नियमन गर्ने अधिकार रहदैन । यसले केवल आफ्नो क्षेत्र भित्रको विषयगत र वहुउद्देश्यिक सहकारी संस्थाको गठन, र संचालन विधि केन्द्रिय कानूनसंग नवाझिने गरी मात्र वनाउन सक्ने हुन्छ ।

सहकारी ऐनको दफा १५० ले संघियताको कार्यान्वयनमा सहज गर्न केही अन्तरिम व्यवस्था गरेको छ । जस अनुसार स्थानिय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र मात्र संचालन गर्ने गरी कुनै सहकारी दर्ता गर्न र नियमनका सम्पूर्ण कार्य गर्न चाहेमा नगर सभाले वा गाऊँ सभाले सो सम्वन्धमा निर्णय गरी यस ऐन वमोजिमको काम गर्ने वाटो खुला गरिदिएकोछ । यस्तो कार्य गर्न स्थानिय कार्यपालिकाको वैठकले दर्ता गर्ने अधिकारी तोक्न र सो अनुरूप स्थानिय तहले नै दर्ता गर्ने लगायत रजिष्ट्रारले प्रयोग गर्ने सम्पूर्ण अधिकारको प्रयोग गर्न सक्छ । यसरी नै प्रदेशको भौगोलिक अधिकारक्षेत्र भित्र पर्ने एक स्थानिय तहभन्दा वढि कार्यक्षेत्र भएको सहकारी संस्थाको हकमा प्रदेश कार्यपालिकाले तोके वमोजिमको निकायमा सहकारी संस्था दर्ता गर्ने कार्य गर्न सक्छन । जसले दर्ता गर्दछ सोही निकायले नियमनको कार्य समेत गर्न पाउने व्यवस्था ऐनमा गरिएकोछ ।

तसर्थ यो ऐनले संघियतालाई आत्मसात गरी अधिकारको विन्यासको शुरूवात समेत गरेको मान्नु पर्दछ । तर यो अधिकारको प्रयोग भने स्थानिय तह र प्रदेश सरकारले गंभिरतासाथ लिई प्रयोग गर्नु उचित हुन्छ । नेपाल

सरकारले स्थानिय तहको लागि नमुना सहकारी ऐनको समेत व्यवस्था गरेको छ । तर उक्त नमुनालाई प्रयोग गर्नु भन्दा सहकारी ऐन २०७४ को दफा १५० मा उल्लेख भए वमोजिम स्थानिय र प्रदेश तहले यसै ऐन वमोजिम सहकारी संस्था दर्ता र नियमन गर्ने व्यवस्था मिलाउनु र सो सम्वन्धमा निर्णय गर्नु उचित हुन्छ । यसवाट कार्यान्वयन गर्ने अधिकारको प्रयोग प्रदेश तथा स्थानिय तहवाट हुँदा सहकारीको विकास र विस्तारमा समेत एकरूपता कायम गर्न सकिन्छ ।

## संवैधानिक व्यवस्था र सहकारीको कार्यक्षेत्र

सहकारीको कार्यक्षेत्र सीमित मात्र हुनु पर्दछ र एक वडा वा स्थानिय तह भन्दा माथि सहकारी संस्थाले काम गर्न पाउनु हुदैन भन्ने तर्क ऐन निर्माणको क्रममा आएको थियो । यसको प्रारम्भिक मस्यौदा पनि सोही अनुरूप भएको थियो । परम्परागत सहकारीको अध्येताहरूले यसको पक्षमा व्यापक वकालत गर्ने काम समेत गरे । संविधानमा भएको व्यवस्थालाई विर्सने हो भने त्यो विचारलाई ऐनमा समावेश गर्न सकिने थियो । तर नेपालको संविधान २०७२ ले पहिलो पटक सहकारीलाई अर्थतन्त्रको एउटा खम्वा स्वीकार गरी यसलाई संघ, प्रदेश र स्थानिय तहको अधिकार भित्र समावेश गरे पछि सहकारी संस्था समेत स्थानिय तहमा मात्र सिमित गर्न संभव थिएन । संविधानले सार्वजनिक क्षेत्र, निजी र सहकारीलाई समानस्तर दिएको अवस्थामा निजी फर्म वा कम्पनीलाई दर्ता तथा कारोवारमा स्थानहद निर्धारण नभएको अवस्थामा सहकारीलाई मात्र स्थानहद तोकि नियन्त्रण गरिनु उचित थिएन ।

ऐनमा वचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको कार्यक्षेत्र महानगर र उपमहानगरको हकमा एउटा वडामा र अरूमा एक स्थानिय तहमा सिमित गरेको छ । तर यसलाई व्यवसायको विस्तारसंगै विस्तार हुने वाटो खुला गरेकोछ । सो वाहेक अरू सहकारीको विषयमा ऐन मौन भएको हुँदा विनियमवाट यस सम्वन्धमा व्यवस्था गर्न सकिने नै हुन्छ । यसरी नै विधमान सहकारीको कार्यक्षेत्रलाई कारोवारको प्रभावको आधारमा कायम गर्ने व्यवस्था गरिएको छ । मस्यौदा ऐनमा उल्लेख भए जस्तो कार्यक्षेत्रलाई दुईवर्षभित्र एक स्थानिय तह वा वार्डमा सीमित गर्नु गर्ने असंवैधानिक व्यवस्थाहरूलाई ऐनले कुनै स्थान दिएको छैन ।

यसरी नै जलविधुत, स्वास्थ्य, संचार, कृषि, वनजन्य पैदावर प्रशोधन आदिको लागि शुरूमा नै कार्यक्षेत्र एक स्थानिय तह वा एक प्रदेश भन्दा वढि हुन सक्ने व्यवस्था गरेको छ । यस वाहेक अन्य स्थानिय तहमा कृयाशिल सहकारी संस्थाले पनि कार्यक्षेत्र विस्तार गर्न पाउने व्यवस्था समेत ऐनमा गरिएकोछ । त्यसैले ऐनमा स्थानिय तहमा मात्र पनि रहन सक्ने, कार्यक्षेत्र विस्तार गरी प्रदेश तह सम्म जान पनि सक्ने र राष्ट्रव्यापी फैलन पनि सक्ने गरी कानूनी संरचना तयार गरि केहि हदसम्म संविधान अनुकुल वनाउने प्रयास भएको देखिन्छ ।

## राष्ट्रिय विकासमा सहकारीको परिचालन :

संविधानले नै सार्वजनिक, नीजी र सहकारी क्षेत्रको सहभागीता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने र सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा परिचालन गर्ने निति लिएको छ । सहकारीलाई अर्थतन्त्रको एक आधारको रूपमा स्वीकार गरी सो वमोजिम कानूनी व्यवस्था गर्दा राष्ट्रिय विकासमा सहकारीलाई कसरी परिचालन गर्ने भन्ने पनि उत्तिकै महत्वपुर्ण रहेको छ । त्यसैले सहकारीले कानूनले वर्जित गरेको वाहेक सवै क्षेत्रमा काम गर्न पाउने छ । यसमा कुनै वन्देज लगाईएको छैन । यसरी नै सानो काममा मात्र नभई ठुला परियोजनामा समेत सहकारीहरूले लगानी गर्न पाउने व्यवस्था ऐनमा गरिएकोछ ।

ऐनले जलविधुत, शिक्षा, भाषिक साहित्यीक, स्वास्थ्य क्षेत्र, संचार, विशेष कृषि, वन पैदावारको प्रशोधन, संचय र उत्पादन जस्तो क्षेत्रमा सहकारी संस्था स्थापना र संचालनको लागि कार्यक्षेत्रको समेत सिमितता नहुन सक्ने व्यवस्था गरेको छ । यसवाट ठुलो पूँजी आवश्यक पर्ने क्षेत्रमा सहकारीको फैलावट विस्तार गर्न ऐन वाधक नभई साधक रहेको देखिन्छ ।

यसरी नै नयाँ ऐनमा पच्चिसवटा विषयगत वा वहुउद्देश्यिक सहकारी संस्था मिलेर जलविधुत आयोजना, रासायनिक मल, आवसिय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रसोधन, जडिवुटी प्रशोधन, चिनी उधोग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानी चाहिने अवस्थामा विशिष्टिकृत सहकारी संघ खोल्न र संचालन गर्न पाउने व्यवस्था गरेको छ । यसले सहकारीहरूले आफूमा रहेको वचतलाई विशिष्टिकृत सहकारी स्थापना गरी ठूला परियोजना संचालन गर्न सक्ने अवस्था

सृजना भएको छ । भविष्यमा विशिष्टिकृत सहकारीको माध्यमवाट आम नेपालीलाई पूर्वाधार विकास लगायत राष्ट्रिय स्तरको आयोजनामा सहभागी गराउन सकिने भएको छ ।
यसरी नै ऐनमा सहकारीको नामवाट कारोवार, व्यवसाय, उधोग वा परियोजना संचालन गर्न ईजाजत लिन सकिने स्पष्ट व्यवस्था समेत गरिएको छ । पहिला कम्पनीको शेयर लिएर वा कम्पनी स्थापना गरेर मात्र गर्न सकिने कतिपय कामहरू सहकारीको नामवाट एक्लै वा विशिष्टिकृत सहकारी स्थापना गरी संचालन गर्न सहज वनाईएकोछ ।

यसरी नै विषयगत जिल्ला सहकारी संघ, विषयगत प्रदेश सहकारी संघ र विषयगत केन्द्रिय सहकारी संघले समेत आफ्नो विषय केन्द्रित परियोजनामा लगानी गर्न पाउछन । यस्तै अधिकार जिल्ला र प्रदेश सहकारी संघ तथा राष्ट्रिय महासंघमा समेत रहेकोछ । सदस्य र आफ्नो व्यावसायको हित प्रवर्धन र सो को वजारीकरण गर्ने गराउने तथा व्यवसायीक प्रवर्धन र विकास सम्वन्धि कृयाकलाप गर्न पाउने अधिकार प्रदान गरी विनियम वमोजिमको कार्य गर्न पाउने खुला अधिकार क्षेत्र दिएको अवस्थामा सहकारीको पूजीँलाई राष्ट्रिय विकासमा परिचालन गर्ने वाटो ऐनले खुला गरेको देखिन्छ ।

## सहकारीको सिद्धान्तको कसीमा सहकारी ऐनको व्यवस्था

सहकारी ऐनको दफा २३ ले सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सहकारी संस्था दर्ता र संचालन हुनु पर्ने व्यवस्था गरेको छ । यसरी नै सहकारी दर्ता गर्दा नै सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप संचालन हुन सक्ने आधार पेश गर्नु पर्ने व्यवस्था समेत गरेको देखिन्छ । यी सहकारीका मूल्य, मान्यता र सिद्धान्तलाई ऐनले कानूनी स्वरूप प्रदान गरेको परिप्रेच्छमा यसको परिपालना अनिवार्य भएको छ । यो मुल्य, मान्यता र सिद्धान्तको परिपालना सहकारीको विनियममा व्यवस्था गरी गर्न सकिन्छ । सहकारी सिद्धान्तको कार्यान्वयनको आधारहरू ऐनमा उल्लेख भएको छ । जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

१. **स्वेच्छिक र खुला सदस्यताः** सहकारी ऐनले सोह्र वर्ष उमेर पुरा गरेका र संस्थाको कार्यक्षेत्रभित्र वसोवास गरेका नेपाली नागरीकले सहकारी संस्थाको सदस्य हुन पाउने व्यवस्था गरेकोछ । यस वाहेक कतिपय अवस्थामा कानूनी व्यक्ति पनि सहकारी संस्थाको सदस्य हुन पाउने वाटो खुला

गरेकोछ । यसरी नै सहकारीहरूमा कर्मचारी, शिक्षकले सदस्य हुन नपाउने विधेयकको व्यवस्थालाई हटाई ऐनमा कर्मचारी, शिक्षक र श्रमिकहरूको सहकारी समेत स्थापना र संचालन गर्न सकिने व्यवस्था गरीएको छ । यसरी नै ऐनको दफा ३१ ले सदस्यता लिन संचालक समिति समक्ष निवेदन दिन सक्ने, समितिले सदस्यता प्रदान गर्न सक्ने र सदस्यता दिन इन्कार गरेमा रजिष्ट्रार समक्ष उजुरी गर्न सक्ने व्यवस्था गरेकोछ । यस्तै व्यवस्था संघको सदस्यता लिने क्रममा समेत उल्लेख गरिएको छ । तर एउटै व्यक्ति समान प्रकृतिको एक भन्दा वढि सहकारीको सदस्य हुन भने नपाउने व्यवस्था गरीएकोछ । यसवाट स्वेच्छाले कुनै एक स्थानिय सहकारी संस्थाको सदस्य हुन भने कुनै अवरोध छैन । यसरी नै कुनै पनि सदस्यले आफ्नो हिसाव फरफारक गरी सहकारीको सदस्यता जहिलेसुकै त्याग गर्न सक्छन् । सहकारीमा सदस्यले आफ्नो कर्तव्य पनि पालना गर्नु पर्दछ । यदि कर्तव्य पालना भएन भने सदस्यवाट हटाउन समेत सकिन्छ । यसलाई स्वेच्छिक सदस्यताको विरूद्ध भएको मानिदैन । ऐनमा भएको यी व्यवस्था अनुरूप हुने गरी विनियम वनाउन र कार्यान्वयन गर्न सहकारीहरू स्वतन्त्र छन् ।

२. **लोकतान्त्रिक नियन्त्रण:** सहकारी संस्थाको सवै कार्यहरू सदस्य आधारित हुन्छ । सदस्यले साधारण सभा मार्फत संचालक माथि नियन्त्रण कायम गर्न सक्छन । यसै अनुरूप ऐनमा प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा र विशेष साधारण सभाको व्यवस्था गरिएको छ । साधारण सभाबाट संचालक समितिको निर्वाचन हुने, संचालकको कार्यकाल चार वर्ष भन्दा वढी हुन नहुने र प्रत्येक सदस्यको समान मताधिकार रहने व्यवस्था मार्फत लोकतान्त्रीक नियन्त्रणको विधीलाई प्रयोगमा ल्याईएको छ ।

३. **सदस्यको आर्थिक सहभागीता :** सहकारी ऐनको प्रस्तावनाले नै सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतीक उन्नयन गर्न सदस्य केन्द्रित भई काम गर्ने भनी उल्लेख गरेको छ । संस्थाको उद्देश्यमा समेत ऐनको दफा २४ ले कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यको आर्थिक, सामाजिक र सांस्कृतीक समृद्धि हासिल गर्नु सदस्य र संघको उद्देश्य हुने कानुनी व्यवस्था भएको छ । यसै गरी ऐनको दफा ३० मा कम्तीमा एक शेयर खरिद गरेपछि मात्र सहकारीको सदस्य हुने व्यवस्था

गरिएको छ । यसबाट शेयर नलिएका व्यक्तिलाई सदस्य नमानिने र सहकारीले सदस्यको हितमा काम गर्न सक्ने र सदस्यहरूले सहकारीबाट आर्थिक लाभ पाउन सक्ने व्यवस्था गरिएको छ ।

यसरी नै ऐनले शेयर सदस्यले आफ्नो शेयर लगानीको आधारमा अठार प्रतिशत सम्म लाभांश पाउने व्यवस्था समेत गरेको छ ।

४. **स्वायत्तता र स्वतन्त्रता :** प्रत्येक सहकारी अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुने व्यवस्था गरिएको छ । यसले व्यक्ति सरह नै चल अचल सम्पत्ति खरिद गर्ने, सहकारीको छुट्टै छाप हुने, व्यक्ति सरह आफ्नो नामबाट नालिश उजुर गर्ने र लाग्ने तथा व्यक्ति सरह करार गर्न सक्ने व्यवस्था गरेको छ । कुनै पनि व्यक्ति वा संस्थाको स्वायत्तता असीमित र अनियन्त्रीत हुदैन । सहकारी ऐनमा पनि सहकारीहरूलाई असीमित स्वयत्तता र स्वतन्त्रता प्रदान गरिएको छैन । ऐनको परिच्छेद ४ मा सहकारी संस्थाले ऐन तथा नियमावलीको अधिनमा रही विनियम वनाउन, संशोधन गर्न र आन्तरिक कार्यविधि निर्धारण गर्ने स्वतन्त्रता प्रदान गरेको छ । यसरी नै ऐन नियम, विनियम आदीको अधिनमा रही साधारणसभाले आवश्यक निर्णय गर्न सक्ने र संचालक समितिले लोकतान्त्रिक नियन्त्रण अन्तरगत साधारण सभाको निर्णय समेतको अधिनमा रही निर्णय गर्ने स्वतन्त्रता रहने व्यवस्था गरेकोछ ।

५. **शिक्षा, तालिम र सुचनाः** ऐनमा सदस्यलाई शिक्षा, तालिम र सुचना प्रदान गर्ने गराउने विषय सवै तहको सहकारीको कार्य भित्र समावेश गरिएको छ । यति मात्र भनई सहकारी प्रवर्धन कोषमा जम्मा भएको रकम शिक्षा, सूचना र तालिममा समेत खर्च गर्नु पर्ने वाध्यात्मक व्यवस्था समेत ऐनमा गरिएको देखिन्छ । यसरी नै विधालय तथा विश्वविधालय तहमा समेत सहकारी शिक्षाको प्रवर्धन गर्ने गरी पाठ्यक्रम विकास गर्ने जस्तो व्यवस्था समेत ऐनमा नै राखि सहकारी सिद्धान्त कार्यान्वयनको आधार सृजना गर्ने प्रयास गरिएको देखिन्छ । यसै गरी सहकारी संस्थाले साधारण सभा देखि संचालक समितिको बैठकको अभिलेख सुरक्षित राख्ने, बार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन, राजिष्ट्रार समक्ष पेश गर्नु पर्ने जस्ता सूचना व्यवस्थापनको विषयलाई समेत समेटेको पाईन्छ ।

६. **पारस्परिक सहयोगः** ऐनको दफा १४० मा सहकारी/सहकारी विचमा अन्तर सहकारी कारोवार गर्ने व्यवस्था गरेको छ । यस वाहेक सहकारीहरू मिलेर काम गर्न सक्ने व्यवस्था पनि ऐनमा गरिदिएको हुदा यो सिद्धान्तको प्रयोग गर्ने वाटो खुला रहेको देखिन्छ ।

७. **समुदाय प्रतिको चासो** : ऐनको दफा १३९ मा सहकारीले सदस्य वाहेक अन्य सामाजिक कार्यमा आर्थिक सहयोग गर्न सकिने व्यवस्था गरेकोछ । जस अनुसार शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानविय सहायता, सहकारी प्रवर्धनको कार्यमा आर्थिक सहयोग गर्न सक्ने व्यवस्था गरी आम जनताप्रति अर्थात समुदाय प्रतिको कर्तव्य पुरा गर्न सकिने व्यवस्था गरेकोछ । यो प्रयोजनको लागि सहकारीले विभिन्न कोष वनाउदा सामाजिक उत्तरदायीत्व कोषको समेत वनाउन र संचालन गर्न सक्छन् ।

उल्लेखित व्यवस्थाको आधारमा सहकारीको सिद्धान्तलाई ऐनले केहि हदसम्म आत्मसात गरी कार्यान्वयन गर्ने प्रयास गरेको देखिन्छ ।

## सहकारीको सुद्धिकरणमा नयाँ ऐनको व्यवस्था :

नेपालमा दर्ता र संचालनमा रहेको सहकारीहरूमध्ये अधिकांशले सदस्यको हितमा काम गरेको भएता पनि केही सहकारीले गरेको वदमासीको कारण अधिकांश सहकारी प्रति हेर्ने दृष्टिकोणमा समेत आमसंचार जगत लगायत जनताको नकारात्मक भावना विकास गरिदिएको पाईन्छ । जुन नितान्त गलत हो । यस सन्दर्भमा सहकारी ऐनको मस्यौदादेखि संसदमा समेत सहकारीको अनियमितता रोक्ने विषयमा व्यापक छलफल भए । सहकारीको काममा पारदर्शिता र सुद्धिकरणको विषयमा कसैको विमती हुने कुरा भएन । त्यसैले यस सम्वन्धमा निम्न व्यवस्था गरिएको पाईन्छ :

**सदस्यको लोकतान्त्रिक नियन्त्रण साधारण सभा मार्फत गर्ने** : सामान्यतया संस्था दर्ता भएको ३ महिना भित्र प्रारम्भिक साधारण सभा वोलाउनु पर्ने र त्यसपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र वार्षिक साधारण सभा वोलाउनु पर्ने व्यवस्था मिलाईएको छ । प्रत्येक सहकारीले प्रत्येक वर्ष साधारणसभा गरी वार्षिक कार्यक्रम र वजेट पारित गर्नु पर्ने, प्रतिवेदन तथा वित्तिय विवरण साधारण सभाबाट अनुमोदन गर्नु पर्ने

व्यवस्था ऐनमा गरिएको छ । यसरी नै लेखा परिक्षकको नियुक्ति, निजको पारिश्रमिक निर्धारण गर्ने र लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने अधिकार प्रदान गरेको छ । यसै गरी कुनै सदस्यले सहकारीलाई बुझाउनु पर्ने बाँकी बक्यौता मिनाहा गर्ने वा अन्य दायित्व स्वीकार वा अस्विकार गर्ने सम्बन्धमा समेत निर्णय गर्ने अधिकार प्रदान गरिएको छ । यसै गरी सहकारीको आन्तिरिक कार्यविधी तथा विनियम पारित र संशोधन गर्ने अधिकार समेत साधारण सभालाई दिईएको छ । यसबाट सहकारीलाई सदस्यहरूबाट नियन्त्रण गर्ने सैद्धान्तिक व्यवस्था कार्यान्वयन गर्न मद्दत पुग्दछ ।

**सदस्यले विशेष साधारण सभाको माग गर्न पाउने :** सहकारीका कुल सदस्य सख्याको १५ प्रतिशतले कारण खुलाई विशेष साधारण सभा वोलाउन सक्ने व्यवस्था ऐनमा गरिएको छ । यो वाहेक, लेखा सुपरिवेक्षणको सिफारिसमा लेखा सुपरिवेक्षण समितिले दिएको सुझाव कार्यान्वयन नभएमा वा आर्थिक हिनामिनाको कारण दर्शाई लेखा सुपरिवेक्षण समितिको सिफारिसमा विशेष साधारण सभा वोलाउन सकिन्छ । यदी सहकारीको मुल्य मान्यता, सिद्धान्त विपरित वा ऐन, नियम, विनियम विपरित सहकारीले काम गरेमा वा सहकारी बैंकको निररिक्षणको क्रममा कैफियत देखिएमा विशेष साधारण सभा बोलाउन सक्ने व्यवस्था गरि अपारदर्शी काम हुनबाट सहकारीलाई जोगाउने काम गरिएको छ ।

**पारिवारिक नियन्त्रण हुनवाट वचाउने प्रयास:** संचालक समितिमा एकै परिवारको नियन्त्रण हुन नदिन ऐनमा एकै अवधिमा एक परिवारको एक भन्दा वढी संचालक र लेखा सुपरिवेक्षण समितिको सदस्य रहन नपाउने गरी प्रतिवन्ध लगाईएको छ । यस्तो कार्य दण्डनिय समेत वनाईएको पाईन्छ ।

**कर्मचारी र संचालकको दोहोरो भुमिकामा रहन नपाउने :** वार्षिक दुई करोड भन्दा वढी कारोवार गर्ने संस्थाको संचालकले सोही संस्थाको कर्मचारी हुन पाईदैन । यसरी नै संस्थाले सदस्यता लिएको सहकारीमा बाहेक अर्को कुनै सहकारी संस्थाको संचालक बन्न समेत प्रतिवन्ध लगाईएको छ । अर्थात कुनै एक व्यक्ति एकै समयमा एक तहमा एउटा मात्र सहकारीको संचालक बन्न पाउने व्यवस्था गरिएको छ ।

**आवधिक निर्वाचन अनिवार्य :** नयाँ ऐनले आवधिक निर्वाचन प्रणालीलाई अनिवार्य गरिदिएको छ । विनियमको अधिनमा रही कुनै पनि सहकारी संस्था, संघ, महासंघ वा सहकारी बैंकको कार्यकाल ४ वर्ष भन्दा वढी रहन सक्दैन र आफ्नो कार्यकाल समाप्त हुन अगावै निर्वाचन गरी नयाँ संचालक समितिलाई पदभार हस्तान्तरण गर्नु

पर्छ । यस व्यवस्था विपरित काम भएको पाईएमा रजिष्ट्रारले ६ महिना भित्र निर्वाचन सम्पन्न गराउन आदेश दिन सक्ने व्यवस्था गरिएको छ ।

**संचालकलाई हटाउन सक्ने विशेष अधिकार साधारण सभालाई:** आर्थिक हिनामिना गरि सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याउने, कारोवार सम्बन्धी विषयको गोपनियता भंग गर्ने, सहकारीसंगको प्रतिस्पर्धि कारोवार वा व्यवसाय गर्ने संचालकलाई सुनुवाईको मौका दिई हटाउने अधिकार साधारण सभाको बहुमतलाई प्रदान गरिएको छ । यसले वद्नियत राखि काम गर्ने संचालक र लेखा समिति सदस्य माथि सदस्यको नियन्त्रण रहने अवस्था सृजना हुन्छ ।

यसै गरी साधारण सभालाई कुनै एक संचालकलाई मात्र कारवाही गर्ने नभई समुच्चा संचालक समितिलाई हटाउने विशेष अधिकार पनि ऐनमा रहेको छ । ऐनको दफा ४५ मा संस्थाको कारोवार जोखिममा पार्ने, सहकारी संस्थाले तिर्नु पर्ने दायित्व समय भित्र भुक्तानी नगर्ने, विनियमको उद्देश्य र कार्य विपरित काम गर्ने र रजिष्ट्रारले दिएको निर्देशन वारम्बार उल्लंघन गर्ने संचालक समितीलाई विघटन गरी समुच्चा नयाँ संचालक समिति निर्वाचन गर्ने असिमित अधिकार साधारण सभालाई प्रदान गरेको छ ।

**निजी स्वार्थ जोडिएको विषयको निर्णय प्रकृयामा सहभागी हुन नपाउने :** कुनै पनि संचालकले आफ्नो निजी स्वार्थ समावेश भएको कुनै निर्णय प्रक्रियामा सहभागी हुन पाउदैन । यदी यो विपरितको काम भएमा त्यस्तो संचालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ । यसबाट पर्न गएको हानी नोक्सानी समेत त्यस्तो संचालकसंग असुल उपर गर्न सकिने व्यवस्था ऐनको दफा ४६ मा गरिएको छ ।

**लेखा सुपरिवेक्षण समितिको व्यवस्था :** सहकारी संस्थाको आन्तिरिक नियन्त्रण प्रणाली सुदृढ गर्न तथा पारदर्शी वनाउन एक जना संयोजक र दुई जना सदस्य रहेको लेखा सुपरिवेक्षण समिति गठन गर्ने व्यवस्था ऐनमा गरिएको छ । र यस्तो समितिले चौमासिक रूपमा आन्तरिक लेखा परिक्षण गर्ने, लेखा परिक्षणका सिद्धान्त पालना गर्ने गराउने, सहकारीको वित्तिय र आर्थिक कारोवारको मुल्याङ्कन गर्ने गराउने, विनियम र साधारण सभाको निर्णय पालना भए/नभएको र आर्थिक हिनामिना र अनियमिता भएको छ/छैन भन्ने विषयमा प्रतिवेदन पेश गर्ने अधिकार राख्दछ ।

**वचत तथा ऋण सहकारी सम्वन्धमा विषेश व्यवस्था :** सहकारी अनियमितताको सन्दर्भमा मूलतः वचत तथा ऋण सहकारीको कामको सम्बन्धमा प्रश्न उठ्ने गरेको पाईन्छ। यसलाई व्यवस्थीत गर्न ऐनमा केही महत्वपूर्ण व्यवस्था गरिएका छन्।

क. सहकारी संस्थाले आफ्नो सदस्य वाहेक अरू कसैसँग वचत लिन र ऋण दिन पाउदैनन्।

ख. सहकारीले प्रदान गर्ने ऋणमा लाग्ने शुल्क र नविकरण शुल्क साधारण सभाले पारित गरेको कार्यविधि बमोजिम मात्र हुनेछ।

ग. बचत तथा ऋणको अन्तर छ प्रतिशत भन्दा वढी हुनु हुदैन।

घ. ऋणमा लाग्ने व्याजलाई पूजीकृत गरी वा व्याज माथि पुनः व्याज लगाउन प्रतिवन्ध लगाईएको छ।

ङ. सहकारी संस्थाले बचत रकम सदस्यलाई ऋण लगानी गर्न, नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋण पत्र वा ट्रेजरी विल खरिद गर्न, सहकारी बैंकको शेयर लिन बाहेक अन्यत्र लगानी गर्न रोक लगाईएको छ।

च. सहकारी संस्थाले प्राथमिक पूँजी कोषको १५ गुनासम्म मात्र बचत संकलन गर्न पाउछ।

छ. सदस्यता प्राप्त गरेको ३ महिना नपुगी कुनै सदस्यलाई कर्जा प्रवाह गर्न प्रतिवन्ध लगाईएको छ।

ज. विनियमवाट व्यक्तिगत वचतको सिमा निर्धारण हुन सक्ने व्यवस्था गरिएको छ।

यी सवै व्यवस्था हालसम्म वचत तथा ऋण सहकारीमा देखिएका अनियमिता र अपारदर्शी कामको नियन्त्रण गर्न र सहकारी संस्थालाई सुद्धिकरण गर्न ल्याइएका हुन।

**दायीत्व पुरा नगर्ने सदस्यले सुविधा नपाउने** : ऐनमा कुनै सदस्यले सहकारी संस्थालाई तिर्नुपर्ने कुनै दायित्व निर्धारित समय भित्र भुक्तान नगरेमा वा कानुन वमोजिम पालना गर्नुपर्ने व्यवस्था उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरह सुविधा नपाउने व्यवस्था गरेको छ। तर कुन कुन सुविधाहरूमा फरक गर्न पाउने भन्ने कुरा ऐनमा नलेखिएको हुँदा यो विषयमा विनियमवाट स्पष्ट गर्नुपर्ने देखिन्छ। यसले सदस्यको तर्फवाट कारोवारमा अनियमितता हुन नदिन मद्दत पुग्ने अवस्था सृजना गर्न सकिन्छ।

## सहकारी प्रवर्द्धनका दृष्टिकोणले ऐनमा रहेका व्यवस्थाहरू:

सहकारी ऐन २०७४ मा सहकारीलाई प्रवर्द्धन गर्ने हिसावले केही व्यवस्थाहरू गरिएका छन् । ऐनमा गरिएको व्यवस्था आफैमा पर्याप्त हुदैन । सहकारी आन्दोलन आफैले यसको प्रवर्द्धन गर्ने र विकास गर्ने काम गरेको छ र निरन्तर गरिरहनु पर्दछ ।  तर ऐनमा रहेको व्यवस्थालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

**सहकारी प्रबर्द्धन कोषको स्थापना** : ऐनले पहिलो पटक सहकारी प्रवर्द्धन कोषको निर्माण गरेको छ । यो कोषमा प्रत्येक सहकारीले खुद वचत रकमबाट जगेडा कोषमा २५ प्रतिशत रकम छुट्टाई बाँकी रहेको रकमको ०.५ प्रतिशतले हुन आउने रकम जम्मा गर्नु पर्ने व्यवस्था गरिएको छ । यो कोषको संचालन नियमावलीमा उल्लेख भए बमोजिम राष्ट्रिय सहकारी महासंघ समेतको संलग्नता रहेको संचालक समितिको निर्णय अनुरूप मन्त्रालयले गर्ने छ । यो कोषको रकमको प्रयोग मुलतः सहकारी व्यवसायको पूर्वाधारमा लगानी गर्न, व्यवसाय प्रवर्द्धन गर्न, बजार प्रबर्धन गर्न, शिक्षा, सूचना र तालिममा खर्च गरिने व्यवस्था गरिएको छ ।

**संघहरूको भूमिकामा अभिवृद्धिः** ऐनले राष्ट्रिय सहकारी संघलाई महासंघमा रूपान्तरण गरेको छ । यसै गरी ऐनले संघहरूको भूमिका अभिवृद्धि गरेको छ । ऐनको दफा ९९ मा संघले निरिक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी ऐनको दफा ७० अनुसार सहकारी प्रवर्द्धन कोष परिचालन गर्ने,  स्थिरिकरण कोष संचालनका सहभागी हुने, दफा १०५ अनुसार संस्था वा संघ समस्याग्रस्त भएमा गठन हुने व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्ने लगायतका व्यवस्थाहरू राखि संघहरूको भूमिकालाई सवल वनाउन खोजिएको छ ।

**छुट र सुविधाको प्रत्याभूति** : यसै गरी सहकारीलाई सहकारीको कारोवारको लिखत रजिष्ट्रेशन गर्नु नपर्ने, अचल सम्पति खरिद गर्दा रजिष्ट्रेशन दस्तुर छुट पाउने, जगेडा कोष तथा संरक्षित पूँजी फिर्ता कोषमा आयकर नलाग्ने लगायतको केही छुट र सहुलियत प्रदान गर्ने गरी परिच्छेद १३ मा विशेष व्यवस्था गरिएको छ । यसरी नै नेपाल सरकारले राजपत्रमा सुचना प्रशाशित गरी सहकारीवाट उत्पादीत वस्तुमा लाग्ने अन्तशुल्क, भ्याट, भंसार लगायत निकासी पैठारीमा छुट तथा अनुदान दिन सक्ने. व्यवस्था गरेका छ । यो वाहेक पनि कृषि तथा उधोग प्रवर्द्धनमा जुनसुकै कर पुरै वा आंशिक छुट दिने मात्र नभई वित्तिय सुविधा तथा प्राविधिक सेवा समेत

पाउने व्यवस्था पनि ऐनमा गरीएको छ । यसको प्रयोगलाई व्यवहारमा ल्याउनु र सहकारीको विकासमा उपयोग गर्नु सहकारी आन्दोलनको एउटा महत्वपुर्ण पक्ष हुनु पर्दछ ।

**करको अधिकतम दर निर्धारण** : सहकारी संस्थाले जगेडा कोषमा छुट्टाएको रकम, संरक्षित पूजीँ फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्टाएको रकममा कर नलाग्ने व्यवस्थाले सहकारीलाई केही हद सम्म प्रोत्साहन गर्न मद्दत पुग्दछ । ऐनमा वित्तिय कारोवार गर्ने सहकारीको करको अधिकतम दर निर्धारण गरिएको छ । ऐनको दफा १४१ ले महानगरपालिका भित्रका सहकारीलाई १० प्रतिशत, उपमहानगरपालिका भित्रका सहकारीलाई ७ प्रतिसत र नगरपालिकाका भित्रका सहकारीलाई ५ प्रतिशत भन्दा वढी कर तिर्नु नपर्ने र गाँउपालिकाको वित्तिय कारोवार गर्ने सहकारीलाई कर नलाग्ने व्यवस्था गरिएको छ ।

**सहकारी व्राण्डको मान्यता र छुट्टै संस्था दर्ता गर्नु नपर्ने :** सहकारीको कारोवार गर्ने उधोग, व्यवसाय वा परियोजनाको लागि छुट्टै संस्था दर्ता नगरी सहकारीको नाममा नै काम गर्न पाउने व्यवस्था भएको छ । यदि कम्पनीहरूलाई ईजाजत लिनु पर्ने रहेछ भने सहकारीले पनी ईजाजत भने लिनु पर्ने व्यवस्था गरीएको छ । यसरी नै दुई वा दुई भन्दा वढी सहकारीहरू मिलेर संयुक्त वा साझेदारीमा कारोवार गर्न, परियोजना संचालन गर्न सक्ने व्यवस्था गरी संयुक्त उपक्रम स्थापनाको नयाँ व्यवस्था ऐनमा थप भएको छ । यसरी नै सहकारीको आफ्नै व्राण्डको व्यवस्था गर्न सक्ने तथा सहकारीले उत्पादन गरेको वस्तुको उत्पत्तिको प्रमाणपत्र जारी गर्न सक्ने गरी आवश्यक नियम वनाउन सक्ने नयाँ व्यवस्थाहरू यो ऐनले थप गरेकोछ ।

**महिला सहभागिता वृद्धिमा जोड :** ऐनले महिलाको सहभागितामा जोड दिएको छ । संचालक समितिको निर्वाचनमा संभव भएसम्म एक तिहाई महिला सुनिश्चित गर्नु पर्ने व्यवस्था ऐनमा गरिएको हुदा स्वभाविक रूपमा महिला सदस्य वनाउनु पर्ने अवस्था सृजना भएको छ । यसले जनसंख्याको आधा हिस्सामा रहेको महिलालाई सहकारी आन्दोलनमा अधिकतम सहभागी गराउन र प्रवर्द्धन गर्न मद्दत पुग्ने देखिन्छ ।

यसै गरी सहकारीले लगानी गरेको तर सहकारीका सदस्यहरूवाट असुल उपर हुन नसकेको ऋण असुल गर्नका लागि ऐनमा विषेश व्यवस्था गरिएको छ । यसले धितोमा रहेको सम्पत्ति लिलाम गर्ने, आफै सकार गर्ने, कालो सुचिमा राख्ने र कर्जा असुली न्यायाधिकरणमा मुद्दा दायर गरी असुल उपर गर्न सक्ने व्यवस्था राखिएका छन् । यी व्यवस्थाबाट सहकारीको प्रवर्द्धनमा मद्दत पुग्ने नै देखिन्छ ।

**सहकारी शिक्षामा जोड र सामाजिक परिक्षण गराउन सक्ने:**

नेपालमा सहकारी संघ/संस्थाको संख्यात्मक विकाससगैं गुणात्मक विकास गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै सहकारी ऐन, २०७४ को दफा १३८ मा विद्यालय तहको पाठ्यक्रममा आधारभुत सहकारी ज्ञान समोवश तथा सहकारी विद्यालय र विश्वविद्यालय अन्तर्गत सहकारी सङ्काय वा शिक्षालय स्कुल अफ कोअपरेटिभ स्थापना गर्न सरकारले आवश्यक सहयोग गर्ने व्यवस्था गरेको छ भने सहकारी क्षेत्रको योगदान सामाजिक क्षेत्रमा समेत हुने भएकोले सामाजिक परिक्षण गराउन सक्ने व्यवस्था समेत गरेको छ ।

## ऐन कार्यान्वयका क्रममा सुधार गर्नु पर्ने र ध्यान दिनु पर्ने पक्षहरू:

कुनै पनि ऐन वा कानुन आफैमा पुर्ण हुदैनन । यसलाई कार्यान्वयनको क्रममा व्याख्याको माध्यमबाट, असल अभ्यासको माध्यम र आवश्यक परेमा संशोधनको माध्यमबाट पुर्ण बनाउदै लैजानु पर्दछ । कानून निर्माणको क्रममा सुधारको पक्ष हावी हुने भएकोले आलोचनाको पक्ष प्रधान हुन्छ भने कानून वनेपछि कार्यान्वयनको पक्ष हावी हुने भएको हुदा यसको सकारात्मक पक्षले नै प्रधानता पाउछ । सहकारीकर्मीहरूले गत वर्ष सहकारी विधेयक २०७३ मा सयौ संशोधन पेश गरेका थिए । ति मध्ये धेरै कुराहरू ऐनमा समावेश भएका छन् । तर ति सवै संशोधनमा समावेश नभएको भएता पनि यसले सहकारी आन्दोलनलाई अवरोध सृजना गर्ने भन्दा सहकारी आन्दोलनलाई मद्दत गर्ने विषयहरू ऐनमा व्यापक समावेश भएको पाईन्छ । सहकारीको विकास र विस्तारमा अवरोध गर्ने प्रावधानहरूलाई क्रमश संसोधनको माध्यमवाट र संविधानको व्याख्याको कार्यान्वयनको माध्यमवाट सुधार गर्न सकिन्छ ।

संविधानले सहकारीको विषयलाई संघ, प्रदेश र स्थानिय तहको अधिकार क्षेत्रमा समावेश गरेको अवस्थामा तिनै तहको कानूनहरू एक आपसमा नबाझिने गरी निर्माण गर्न गराउन र एकै नियामक निकाय मार्फत दर्ता लगाएतको नियमन गर्ने व्यवस्था गर्न गराउन प्रशिक्षण दिने, तालिम दिने अभियान संचालन हुनु आवश्यकछ । यसरी नै स्थानिय तहमा दर्ता भई संचालनमा रहेका सहकारीको कार्यक्षेत्र विस्तार भई प्रदेश तह वा नेपाल भर कार्य क्षेत्र कायम रहने भएमा ती संस्थाको दर्ता र नियमनको विषयमा के हुने ? भन्ने विषयमा ऐन मौन रहेको छ ।

त्यसैले सवै स्थानिय तहमा सहकारी विषयमा तालिम प्राप्त भएका वा सो विषयका जानकारलाई रजिष्ट्रारको जिम्मेवारी दिनु पर्ने अवस्था सृजना भएको छ । यदि सो विषयमा जानकारी भएका कुनै अधिकृतहरू नभएमा स्थानिय तहका कर्मचारीलाई तालिम वा प्रशिक्षण प्रदान गरी पठाउनु पर्ने अवस्था सृजना भएको छ ।

सहकारीमा हाल सम्म जिल्ला सहकारी संघ, जिल्ला विषयगत सहकारी संघ रहने गरेको छ र नयाँ ऐनले समेत यसैलाई निरन्तरता दिई रहेको अवस्था छ । तर जिल्ला तहको राजकिय संरचनाले सहकारीको विषयमा कुनै निर्णय गर्न वा ऐन कार्यान्वयनमा भुमिका निर्वाह गर्ने व्यवस्था अहिलेको संवैधानिक तथा कानुनी संरचनाले दिएको छैन । जिल्ला तहको अधिकार स्थानिय तह विशेष गरी गाऊपालिका र नगरपालिकामा सहकारीको दर्ता तथा नियमनको अधिकार दिएको अवस्थामा सहकारी महासंघले स्थानिय तहको समन्वयात्मक संरचनाको विकास गरी स्थानिय तहसंग काम गर्नु पर्ने अवस्था सृजना भएको छ । यो तहको संरचनात्मक विकास भए पश्चात केही वर्ष भित्रै जिल्ला सहकारी संघ तथा जिल्ला विषयगत सहकारी संघहरूको काम स्थानिय तहको संरचनावाट गराई जिल्ला तहको अवधारणालाई क्रमश निस्कृय वनाउनु पर्ने अवस्था समेत हुन सक्छ ।

नयाँ ऐनले जिल्लातहमा वा प्रदेश तहका संघहरू वनाउँदा वा विषयगत केन्द्रिय सहकारी संघ तथा महासंघ वनाउदा सदस्य हुन सक्ने संस्था/संघहरूको वहुमत हुनु पर्ने व्यवस्था रहेको छ । यसवाट नयाँ संघ स्थापनामा केहि समस्या उत्पन्न हुन सक्छ ।

सहकारी ऐनमा सहकारी दर्ता गर्ने क्रममा नै केहि जटिलता ल्याईदिएको छ । अन्य सहकारीलाई स्थानिय तह सम्मको कार्यक्षेत्र दिएको भएता पनि वचत तथा ऋण सहकारीलाई महानगर र उपमहानगरको वडाभित्र सीमित गर्नु पर्ने कुनै कारण थिएन । काठमाण्डौ महानगरपालिका भित्र पनि वडा नै ७, १६, ३१, वडालाई हेरेर हुदैन । साथै वडा नं २३ तथा २४ को जनसंख्यालाई कुनै वास्ता गरिएन । यसमा एक स्थानियतह सम्मवाट काम थाल्न पाउने गरी आवश्यक सुधार गर्नु पर्ने देखिन्छ । यसरी नै विधमान सहकारीको कार्यक्षेत्र घटाउन रजिष्ट्रारले निर्देशन दिने व्यवस्था पनि त्यति व्यावहारिक छैन । यसरी नै व्यावसायिक कारोवारको तिस प्रतिशत भन्दा वढि वचत तथा ऋणको कारोवार गर्ने संस्थाले तिनवर्ष भित्र वचत तथा ऋणको मुख्य कारोवार नहुने

गरी आफ्नो कारोवारमा परिवर्तन गर्नु पर्ने व्यवस्थाले धेरै सहकारीलाई समस्यामा पार्ने अवस्था सृजना हुन सक्छ ।

यसरी नै सहकारी वैकहरूलाई दोहोरो नियमनको अवस्था सृजना भएको छ । सहकारी ऐन वमोजिम सहकारी विभागले र नेपाल राष्ट्रवैकवाट समेत नियमन हुने हुदा कतिपय अवस्थामा समस्या सृजना हुन सक्छ । यस्तोमा वैकिङ्ग विषयहरू मात्र नेपाल राष्ट्रवैकले र अरू विषयहरू सहकारी ऐन माताहत नियमन हुने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

यो ऐनको सवैभन्दा कमजोर पक्ष अर्थात सुधारको पक्ष भनेको प्रशासनिक नियन्त्रण हो । यसको दर्ता, नियमन, क्षेत्र विस्तारदेखि कारवाहीको कुरा सम्ममा पनि रजिष्ट्रारलाई अत्याधिक अधिकार प्रदान गरीएकोछ । कुनै पनि अधिकारीलाई अत्याधिक अधिकार दिदा त्यस्तो अधिकारी निरंकुश र भ्रष्ट हुने संभावना रहन्छ । त्यसैले सहकारीको स्वनियमन विरूद्धमा नियन्त्रणमुखी व्यवस्थाहरूलाई सुधार गर्नु पर्ने अवस्था सृजना भएको छ ।

त्यसरी नै यो ऐनमा सहकारीलाई दण्डात्मक व्यवस्था मार्फत "तह" लगाउने केहि व्यवस्था राखिएका छन् । रजिष्ट्रारले कागजात सुचना जानकारी नदिएको आरोपमा तिनलाख सम्म जरिवाना गर्न पाउने, सोही प्रकृतिको काम पुन गरेमा दोव्वर जरिवाना लिन सक्ने, सहकारीको कारोवार तिन महिनासम्म रोक्न पाउने, सम्पत्ति तथा खाताहरू तिन महिनासम्म रोक्न पाउने व्यवस्थाहरूले सहकारीको स्वतन्त्रता र स्वनियमनमा टाउका माथिको नाङ्गो तरवारको रूपमा काम गर्नेछन् । सानो तथा थोरै लगानीमा स्थापित दुर दराजका सहकारीले अनजानवस गरेको कुरामा समेत धेरै जरिवानाको व्यवस्थाले सहकारीहरूलाई निरूत्साहित गर्न सक्छ । यसरी नै रजिष्ट्रारवाट भएको सजाय उपर सचिव समक्ष पुनरावेदन गर्ने व्यवस्था पनि उचित छैन । सहकारी दण्डित गर्ने हिसावले नभई स्वनियमनको माध्यमबाट लैजान प्रेरित गर्ने व्यवस्थामा जोड दिनु पर्ने थियो तर त्यसो गरिएन । यसमा आवश्यक सुधार हुनु पर्दछ ।

यो ऐनमा वचत तथा ऋण कारोवार गर्ने सहकारीको लागि बचत तथा ऋणको अन्तर छ प्रतिशत भन्दा वढी हुनु हुदैन भन्ने व्यवस्था गरे पछि सन्दर्भ व्याजदर तोक्ने अनावश्यक व्यवस्था समावेश गरिएकोछ । सन्दर्भ व्याजदर तोक्ने भएपछि वचतको व्याजदर वढाउनु परेमा के गर्ने भन्ने प्रश्न समेत निरूत्तरित छ ।

राष्ट्रवैकले समेत वैकहरूमा प्रयोग हुन नसक्ने गरी फालेको पुरानो प्रणालीलाई सहकारीको सन्दर्भमा जगाउने कार्य आफैमा अनुचितछ ।

यो ऐनले आन्तरिक कार्यविधि समेत साधारणसभाले पारित गर्नु पर्ने व्यवस्था गरेकोछ । लोकतान्त्रिक नियन्त्रण अन्तरगत सो व्यवस्था उचित मान्ने हो भने पनि प्रत्येक विषयमा आन्तरिक कार्यविधि परिवर्तन गर्न साधारण सभा वोलाउनु संभव हुदैन । यसरी नै यो व्यवस्था अन्य कानूनसंग पनि वाभ्किन गएको छ । श्रम ऐनको दफा २(ञ) ले सहकारी संस्थामा श्रम ऐन लाग्ने व्यवस्था गरेको छ । सो वमोजिमको कर्मचारी विनियमावली पनि साधारणसभावाट पारित गर्नु पर्ने झण्झटिलो व्यवस्था ऐनमा गरीएको छ । यसमा साधारण सभाले अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था नियमावलीमा हुनु आवश्यक छ ।

यसरी नै ठुला तथा राष्ट्रव्यापी सदस्य भएका सहकारीको साधारण सभाको लागि एकाउन्न प्रतिशत सदस्य आफै उपस्थित हुनु पर्ने व्यवस्था पनि व्यावहारीक छैन । दुईहजार भन्दा माथिको लागि मात्र प्रतिनिधिमुलक रूपमा साधारण सभा गर्न पाउने व्यवस्था भएको छ । तर यसको लागि तोकिएको शर्तहरू पनि व्यावहारीक छैन । गणपुरक संख्याको कारणवाट साधारण सभा वस्न नसकेमा यसको गाठो कसरी फुकाउने भन्ने विषयमा ऐन मौन छ । त्यसैले संचालक समितिको वहुमत सहितको साधारण सभा हुन सक्ने गरि आवश्यक परिवर्तन हुनु आवश्यक छ ।

यसै गरी विश्वमा सहकारी क्षेत्रले वीमा व्यवसाय सफलतापूर्वक संचालन गरिरहेको सन्दर्भमा ऐनका कही कतै विमा भन्ने शव्द राखिएको छैन् । ऐनको दफा १०२ मा आपसी सुरक्षण सेवा संचालन गर्न सक्ने भन्ने शीर्षकमा सदस्यहरूको वालीनाली वा वस्तुभाउ जस्ता योजनामा आपसी सुरक्षण सेवा सञ्चालन गर्ने भनिएतापनि अन्यमा वीमा सेवा संचालन गर्न सक्ने स्पष्ट व्यवस्था भएको पाइदैन् ।

अन्त्यमा,

सहकारी ऐन २०७४ को आगमन संगै सहकारी आन्दोलन नयाँ चरणमा प्रवेश गरेकोछ । विभिन्न कमिका वावजुद सहकारी आन्दोलनलाई मद्दत गर्ने थुपै प्रावधानहरू ऐनमा रहेका छन् । हाल संख्यात्मक हिसावले विकास भैरहेको सहकारीहरूलाई प्रतिस्पर्धि, सदस्यको आर्थिक हितमा व्यवसायीक हिसावले काम गर्न सक्ने अर्थात गुणात्मकतामा वृद्धिगर्ने अवसर प्राप्त भएको छ । संविधानले सहकारीलाई अर्थतन्त्रको एक पिल्लरको

रूपमा अर्थात कर्ताको रूपमा लिए पछि र सो अनुरूप नया कानूनको निर्माण पछि सहकारीहरूले एक पटक आफ्नो कामको समिक्षा समेत गर्नु पर्दछ ।

सहकारीले आफैले मात्र संभव भएमा आफैले र एक्लै संभव नभएको अवस्थामा सहकारी संघ/महासंघ र विशिष्टिकृत सहकारी मार्फत तथा सहकारीको संयुक्तउपक्रम मार्फत राष्ट्रिय विकासमा योगदान गर्ने हिसावले काम गर्न वाटो खुला भएको छ । यसर्थ नया कानून अनूरूप कार्यप्रणालीमा परिवर्तन गर्ने, पहिलेको कानून वमोजिमको कार्यविधिहरूलाई समय अनुकुल वनाउने र नया कानूनले दिएको मार्गदर्शन अनुरूप सहकारीहरूको एकिकृत प्रयास मार्फत वास्तविक अर्थमा राष्ट्रिय अर्थतन्त्रको महत्वपुर्ण अंगको रूपमा सहकारीलाई स्थापित गर्न सक्नु नै सहकारी आन्दोलनको अवको चुनौति पनी हो । नया चरणमा प्रवेश संगसंगै सहकारी आन्दोलनले यो चुनौतिलाई समेत सफलता पुर्वक सामना गर्दै अगाडि वढ्नेछ ।

**<u>सन्दर्भ सामाग्रीः</u>**


१. नेपालको संविधान, २०७२

२. नेपालको अन्तरिम संविधान २०६३

३. नेपाल अधिराज्यको संविधान २०४७

४. सहकारी संस्था ऐन २०१६

५. सहकारी ऐन २०४८

६. सहकारी विधेयक २०७३ तर संसदमा पेश भएका संशोधन प्रस्तावहरू